# प्रथम अध्यक्षता र भेटगर्ने शिक्षिकाका सन्देशहरू, जुलाई २०१२

### प्रथम अध्यक्षताको सन्देश, जुलाई २०१२

## सधैं बीचमा

**अध्यक्ष डिटर एफ् उक्डोर्फद्वारा**

**प्रथम अध्यक्षतामा दोस्रो सल्लाहकार**

संसारका धेरै क्यालेन्डरहरूले जुलाईलाई वर्षको मध्यका रूपमा हेर्छन् । जबकि कुनै पनि चीजका सुरूआत र अन्त्यलाई मनाइन्छ र स्मरण गरिन्छ र बीचका चीजहरू प्रायः जानकारी बिना नै जान्छन् ।

सुरूआतहरू निर्णय गर्ने, योजना निर्माण गर्न, शक्तिको बिस्फोट हुने समय हुन् । अन्त्यहरू सकाउने समयहरू हुन र तिनले पूर्णता वा क्षतिका भावनाहरूलाई समावेश गर्न सक्छन् । तर उपयुक्त प्रकारको हेराइले हामी स्वयंलाई कुराहरूको *बीचमा* रहेको सम्झेमा  हामीलाई जीवनबारे अझै बढी बुझ्ने र अझै बढी अर्थपूर्ण तरिकाले जिउन सहयोग गर्छन् ।

धर्मप्रचार कार्यको बीचमा

जब मैले हाम्रा जवान धर्मप्रचारकहरूसँग बोल्छु प्रायशः म तिनीहरूलाई भन्छु कि तिनीहरू उनीहरूको धर्मप्रचारको बीचमा छन् । तिनीहरू एक दिन अगाडि पुगेको भए तापनि वा एक दिन पछि घर फर्किने अवस्थामा भए पनि मैले तिनीहरूलाई आफू सधैं बीचमा रहेको कल्पना गर्न भन्छु ।

नयाँ धर्मप्रचारकहरूले प्रभावकारी बन्नका लागि तिनीहरू अति नै अनुभवविहिन छन् भनेर सोच्न सक्छन् र तिनीहरूले दृढता र साहसका साथ बोल्न र कार्य गर्न ढिला गर्छन् । अनुभवी धर्मप्रचारकहरू जो तिनीहरूको धर्मप्रचार सेवा पूरा गर्ने लागेका छन् तिनीहरूले आफ्नो धर्मप्रचारको समय सकिन लाग्यो भनेर दु:ख मान्न सक्छन् वा आफ्नो धर्मप्रचार सेवा पछि तिनीहरूले के गर्नेछन् भन्ने चिन्ता गरेर धर्मप्रचारको कार्य मन्द बनाउन सक्छन् ।

जुनसुकै परिस्थिति भए तापनि अनि तिनीहरूले जुनसुकै ठाउँमा सेवा दिने भए तापनि सत्य यो छ कि परमप्रभुका धर्मप्रचारकहरूले असल चीजका असङ्ख्य बीउहरू दैनिक रूपमा छरिरहेका छन् । तिनीहरूस्वयंले आफूलाई सधैं तिनीहरूको धर्मप्रचार कार्यको बीचमा भएको सोच्नाले परमप्रभुको यी आस्थावान प्रतिनिधिहरूलाई शाहासी र कियाशील बनाउँछ । यो पूर्णकालिन धर्मप्रचारकहरूमा भए जस्तै हामी सबैमा पनि हुन्छ ।

हामी सधैं बीचमा हुन्छौं

दृष्टिकोणमा यो परिवर्तनको मस्तिष्कको साधारण चलाखी भन्दा धेरै हो । हामी सधैं बीचमा हुन्छौं भन्ने धारणाका पछाडि उत्कृष्ट सत्य छ । यदि हामीले नक्शामा हाम्रो स्थान खोज्यौं भने हामी सुरूमा छौं भनेर भन्न हामी प्रलोभित हुन्छौं । तर यदि हामीले हामी कहाँ छौं भनेर अझै नजिकबाट हेर्‍यौं भने सामन्यतया हामी विशाल स्थानको बीचमा हुन्छौं ।

यो जगतलाई भए जस्तै समयसँग पनि छ । हामी हाम्रो जीवनको सुरू वा अन्त्यमा छौं भनेर हामीले महसुस गर्न सक्छौं तरपनि जब हामीले हामी अनन्तताको पृष्टभूमिमा हामी कहाँ छौं भनेर हेर्छौं—जब हामीले हाम्रो आत्मा हामीले मापन गर्ने हाम्रो क्षमताभन्दा पनि बाहिरको समयका लागि रह्यो अनि येशू ख्रीष्टको पूर्ण बलिदान र प्रायश्चित्तका कारण आउने अनन्तताका लागि हाम्रो आत्मा रहन्छ भनेर महसुस गर्छौं —हामीले हामी वास्तवमा नै बीचमा छौं भनेर महसुस गर्छौं ।

भर्खरै मेरा आमाबुबाको चिहानको स्मारक पत्थर नविकरण गर्नु पर्ने महसुस् गरें । चिहान स्थलप्रति समय दयालु बनेन अनि मैले महसुस गरें कि चिहानको स्मारकमा नयाँ पस्थरले उहाँहरूको उदाहरणीय

जीवनका लागि बढी उपयुक्त हुन्छ । जब मैले स्मारकमा जन्म र मृत्युको मितिलाई जोड्नेसानो सामान्य महत्वहीन योजकलाई हेरेँ, यो सानो सङ्केतले अचानक मेरो मस्तिष्क र हृदयमा जीवनभरका बहुमूल्य सम्झनाहरूको स्मरण गरायो । यिनीहरू मध्येका हरेक संरक्षीत स्मरणले मेरा आमाबुबा र मेरो जीवनको बीचको एउटा समयलाई प्रतिविम्वित गर्छ ।

हामी जुनसुकै उमेरको भए तापनि, हाम्रो अवस्थिति जहाँ भए तापनि जब हाम्रो जीवनमा कुनै कुराहरू हुन्छन् हामी सधैँ बीचमा हुन्छौँ । त्यो भन्दा बढी के छ, हामी सदाका लागि बीचमा हुनेछौँ ।

बीचमा रहने आशा

हो, हाम्रो जीवनभरी त्यहाँ सुरूआत र अन्त्यका समयहरू हुन्छन् तर यी त्यो बाटोका निर्देशक मात्रै हुन् जसले हाम्रो अनन्त जीवनको विशाल मध्यमा पुऱ्याउँछ । हामी सुरू वा अन्त्य, जवान वा वृद्ध जे भए तापनि यदि हामीले सेवा गर्ने हाम्रा क्षमतालाई सीमित गर्ने जुनसुकै विचारहरूलाई पन्छायौँ र उहाँको चाहनाले हाम्रो जीवनलाई प्रखर बनाउँन दियौँ भने परमप्रभुले उहाँको उद्देश्य प्राप्तिका लागि हामीलाई उपयोग गर्न सक्नुहुन्छ ।

भजनसंग्रहकर्ता भन्नुहुन्छ, “यो नै त्यो दिन हो जुन परमप्रभुले बनाउनुभएको हो; हामीले रमाउनुपर्छ र यसमा खुशी हुनुपर्छ” (भजनसंग्रह ११८:२४) । अमूलेकले हामीलाई स्मरण गराउनुभयो कि “मानिसका लागि यो परमेश्वरलाई भेट्ने तयारी गर्ने समय हो; हेर त्यसैले *यो जीवनका दिन* मानिसका लागि तिनीहरूको कार्य गर्ने समय हुन्” (आल्मा ३४:३२; जोड दिएर थपिएको) । अनि एउटा कविले बताउनुहुन्छ, “अनन्त–भनेको अहिलेहरूले बनेका हुन्छ ।”१

सधैँ बीचमा हुनुको अर्थ खेल कहिल्यै पनि टुङ्गिएको छैने, आशा कहिल्यै गुमेको छैन, पराजय निश्चित भएको छैन, भन्नु हो । हामी जहाँसुकै हौँ वा हाम्रा परिस्थितिहरू जस्तोसुकै भए पनि, एक अनन्तताको सुरूआतहरू र एक अनन्तको अन्त्यहरू हाम्रा सामु फैलिएका छन् ।

हामी सधैँ बीचमा छौँ ।

सूची

१ एमिली डिकिन्सन, “अनन्त–भनेको अहिलेहरूले बनेका हुन्छ ,” *The Complete Poems of Emily Dickinson,* मा थमस एच् जोनसन (१९६०), ६२४ ।

यो सन्देश पढाउने

तिनीहरूले कुनै चीज सुरू वा समाप्त जे गर्न लागेको भए तापनि तिनीहरू कसरी “सधैँ बीचमा” छन् भनेर परिवारसँग छलफल गर्ने कुरालाई महत्व दिनुहोस् । भूतका कियाकलापमा आश्रित हुने वा पछि आउने कियाकलाप वा परियोजनाको प्रतिक्षा गर्ने नगरी तिनीहरूले वर्तमानमा गर्ने कियाकलापहरूमा उनीहरूले सक्नेसम्म राम्रो गर्नका लागि तिनीहरूलाई प्रोत्साहन गर्नुहोस् । तपाईंले यो निर्देशनको उपयोग गर्न तिनीहरूलाई परिवारका रूपमा तिनीहरूले गर्न सक्ने कुनै एक चीज र आफ्नो उक्त लक्ष्य प्राप्त गर्न तिनीहरूले अपेक्षा गरेको मिति तय गर्न सुझाव दिने चाहना राख्न सक्नुहुन्छ ।

धर्मप्रचारका लागि तपाईंको तयारीका बीचमा

धर्मप्रचारको कार्य

प्रथम अध्यक्षताको सन्देश

युवा

धर्मप्रचारका लागि तपाईंको तयारीका बीचमा

अध्यक्ष उक्डोर्फले धर्मप्रचारकहरूलाई तिनीहरू स्वयं धर्मप्रचार सेवाको बीचमा भएको कल्पना गर्न भन्नुहुन्छ । तपाईले यो तरिकालाई आफ्नो धर्मप्रचारका सेवाको तयारीमा लागु गर्न सक्नु हुन्छः तपाई १२

वा १८ जे भएता पनि, तपाईले धर्मप्रचारका सेवाको तयारी गर्न सक्नु हुन्छ ।

तपाईँको धर्मप्रचार सेवाको तयारीको मध्यमा तपाईँले गर्न सक्ने केही कुराहरू के हुन्?

मन्दिर प्रवेशका लागि सधैँ योग्य बन्नुहोस् ।

तपाईँले प्राप्त गरेका प्रेरणाहरूको सूची बनाएर अनि तिनीहरूका आधारमा कार्य गरेर पवित्र आत्माका प्रेरणाहरूलाई चिन्न सिक्नुहोस् ।

धर्मप्रचारकहरूका लागि प्रार्थना गर्नुहोस् ।

धर्मप्रचार सेवाका लागि तयारी गर्न तपाईँलाई तिनीहरूले के सल्लाह दिन्छन् भनेर आफ्नो क्षेत्रका धर्मप्रचारकहरूलाई सोध्नुहोस् ।

सेवा, धर्मशास्त्र अध्ययन र दैनिकी लेखन लगायतका महत्वपूर्ण क्रियाकलापहरू गर्न तपाईँको समयलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न सिक्नुहोस् ।

परिवारका सदस्यहरूसँग कुरा गर्दा तपाईँलाई हालसालै प्रेरणा प्रदान गर्ने एक धर्मशास्त्र बाड्नुहोस् । यो धर्मशास्त्रका बारेमा तपाईँको के विचार छ वर्णन गर्नुहोस् ।

तपाईँका साथीहरूलाई तिनीहरूको धर्म र तिनीहरूले के विश्वास गर्छन् भन्ने बारेमा सोध्नुहोस् । तपाईँको विश्वास बाँड्न इच्छुक बन्नुहोस् । तिनीहरूलाई चर्च वा चर्चका क्रियाकलापहरूमा आमन्त्रण गर्नुहोस् ।

जब तपाईले महसुस गर्नुहुन्छ कि तपाईं आफ्नो धर्मप्रचारको तयारीको बीचमा हुनुहुन्छ, तपाईं तपाईँको जीवनलाई परमप्रभुको विश्वास प्राप्त गर्न र आत्माको मित्रता प्राप्त गर्न अझै बढी योग्य बनाउन सक्नुहुन्छ ।

हरेकले अहिले नै केही न केही गर्न सक्छ ।

सेवा

प्रथम अध्यक्षताको सन्देश

केटाकेटीहरू

हरेकले अहिले नै केही न केही गर्न सक्छ

१ अध्यक्ष उक्डोर्फले सिकाउनुहुन्छ कि तपाईँको उमेर समूह जेभए तापनि अरूहरूलाई सहयोग गर्न तपाईँले केही न केही गर्न सक्नुहुन्छ । तपाईँको दैनिकी वा कागजको कुनै एक टुक्रामा तपाईँका उपहारहरू वा क्षमताका बारेमा सूची बनाउनुहोस् । तपाईँका उपहारहरूका बारेमा उहाँहरूको के विचार छ भनेर तपाईँका आमाबुबाहरूलाई सोध्नुहोस् ।

२ अरूहरूलाई सहयोग गर्न तपाईँले आफ्ना उपहारहरूलाई कसरी उपयोग गर्न सक्नुहुन्छ?

३ तपाईँको उपहारहरूको सूचीको अन्त्यमा, ती उपहारको उपयोग गरेर यो हप्ता अरूहरूलाई सहयोग गर्नका लागि तपाईले उपयोग गर्नसक्ने एक उपायका बारेमा उल्लेख गर्नुहोस् ।

© 2012 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/११ । अनुवाद अनुमोदनः ६/११ । First Presidecy Message, July 2012 को अनुवाद । भाषा Nepali 10367 -372

# भेट गर्ने शिक्षिकाको सन्देश, जुलाई २०१२

## माया र सेवाका माध्यमबाट हाम्रो अनुयायीत्व प्रकट गर्ने

प्रार्थनापूर्वक यो पाठ्य सामाग्री पढ्नुहोस् र उपयुक्त अवस्थामा, तपाईंले भेट गर्ने दिदीबहिनीहरूसँग यसबारे छलफल गर्नुहोस् । तपाईंका दिदीबहिनीहरूलाई मजबुत बनाउन र रिलिफ सोसाइटीलाई आफ्नो जीबनको एक सक्रीय अंश बनाउन यी प्रश्नहरूको उपयोग गर्नुहोस् ।

आस्था • परिवार • सहायता

उहाँको नश्वर जीवनभरी, तिनीहरूमाथि सेवा गरेर येशू ख्रीष्टले उहाँको माया दर्शाउनुभयो । उहाँले भन्नुभयो, "यदि तिमीहरूले एकअर्कालाई माया गऱ्यौ भने यसका कारणले सबै मानिसहरूले तिमीहरू मेरा चेलाहरू हौ भनेर सबैले थाहा पाउनेछन्" (यूहन्ना १३:३५) । उहाँले उदाहरण तय गर्नुभयो र "( हाम्रो) सहायताको आवश्यकता पर्नेहरूलाई सहायता प्रदान गरौं" भन्ने चाहनुहुन्छ (मोसाया ४:१६) । उहाँले आफ्ना चेलाहरूलाई उहाँको सेवाकर्यामा अरूहरूको सेवा गर्ने र उहाँ जस्तै बन्ने अवसर दिएर काम गर्नका लागि बोलावट दिनुहुन्छ ।१

भेट गर्ने शिक्षिकाका रूपमा निम्न लिखित कुराहरू गरेर जब हामी आफूले भेट्नेहरूप्रति हाम्रो माया दर्शाउँछौं, भेट गर्ने शिक्षिकाका रूपमा हामीले प्रदान गर्ने सेवा हाम्रा मुक्तिदाताको सेवासँग मेल खाने खालको हुनेछ ।२

तिनीहरू र तिनीहरूका परिवारका सदस्यहरूको नाम सम्झनुहोस् र तिनीहरूसँग घुलमिल हुनुहोस् ।

तिनीहरूलाई मूल्याङ्कन नगरीकन नै उनीहरूलाई माया गर्नुहोस् ।

मुक्तिदाताले गरे जस्तै गरी "एक एक गरेर" तिनीहरूको हेरचाह गर्नुहोस् र तिनीहरूको आस्था मजबुत पार्नुहोस् (३ निफाई ११:१५) ।

तिनीहरूसँग गहिरो मित्रता राख्नुहोस् र तिनीहरूलाई उनीहरूको घर र अन्य कुनै स्थानमा पनि भेट्नुहोस् ।

हरेक दिदीबहिनीको बारेमा जानकारी राख्नुहोस् । जन्मदिन, उपाधिग्रहण, विवाह, बप्तिस्मा वा उनका लागि अर्थपूर्ण हुने अन्य समयहरूका बारेमा जानकारी राख्नुहोस् ।

नयाँ र कम-सक्रीय सदस्यहरूसामु पुग्नुहोस् ।

एकल वा सान्त्वनाको आवश्यकता पर्नेहरूसामु पुग्नुहोस् ।

धर्मशास्त्रहरूबाट

३ निफाई ११; मोरोनाई ६:४; सिद्धान्त र करार २०:४७

हाम्रो इतिहासबाट

"नयाँ करारले नाम उल्लेख गरिएका र नगरिएका महिलाहरूको अभिलेखलाई समावेश गर्छ जसले येशू ख्रीष्टमा आस्था राख्नुभयो । ... यी महिलाहरू उदाहरणीय चेलीहरू बन्नुभयो । ... (उहाँहरूले येशू र उहाँका बाह्र प्रेरितहरूसँग यात्रा गर्नुभयो । उहाँहरूले आफूसँग भएका चीजहरू उहाँको सेवाकार्यका लागि दिनुभयो । उहाँको मृत्यु र पुनरुत्थान पछि पनि (उहाँहरू) निरन्तर रूपमा आस्थावान् चेलीहरू बनिरहनुभयो ।"३

पावलले फेवी नाम गरेकी एक महिलाका बारेमा लेख्नुभओ जो "चर्चको एक सेवक हुनुहुन्थ्यो" (रोमीहरू १६:१) । उहाँले मानिसहरूलाई भन्नुभयो "तपाईंको आवश्यकता पर्ने काममा उहाँलाई सहयोग गर्नुहोस् : किनकि उहाँले धेरैलाई सहयोग गर्नु भएको छ" (रोमीहरू १६:२) । "नयाँ करारमा फेवी र अरू महान् महिलाहरूले गरेको सेवा रिलिफ सोसाइटीका सदस्यहरू—अगुवाहरू, भेट गर्ने शिक्षिकाहरू, आमाहरू र

अरूहरूले दिनुभएको छ—जो धेरैका लागि सेवाक वा सहयोगी बन्नुभएको छ।"४

सूचीहरू

१ हेर्नुहोस् *Daughters in My Kingdom: The History and Work of Relief Society* (२०११), १०५।

२ हेर्नुहोस् *Handbook 2: Administering the Church* (२०१०), ३.२.३

३ *Daughters in My Kingdom*, ३

४ *Daughters in My Kingdom*, ६

थप जानकारिका लागि, www.reliefsociety.lds.org मा हेर्नुहोस्।

मैले के गर्न सक्छु ?

१ अरूहरूलाई सहयोग गर्ने क्षमतालाई बढाउन मैले के गरिरहेकी छु ?

२ मैले हेरचाह गर्ने दिदीबहिनीहरूलाई म उनिहरूलाई माया गर्छु भनेर सुनिश्चित गराउन मैले के गरिरहेको छु ?

© 2012 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित। संयुक्त राज्य अमेरिकामा मुद्रित। अङ्ग्रेजी अनुमोदनः ६/११। अनुवाद अनुमोदनः ६/११। Visiting Teaching Message, July 2012 को अनुवाद। भाषाः Nepali. 10367-372